मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७८/०७८ बैठक व्यवस्थापन शाखा

च.नं.: 2879

मितिः-२०७८/१२/१६

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

श्री मनहरी गाउँ कार्यपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०७८ चैत्र १५ गते मंगलवार वसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ८ (आठ) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

-9 2/78

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका, रजैया मकवानपुर
१२ औं कार्यपालिकाको बैठकको उपस्थिति
मिति २०७८ साल चैत्र १५ गते मंगलवार

सि.नं.	नामथर	पद	हस्ताक्षर
१	एकराज उप्रेती	गा.पा. अध्यक्ष	
२	मनिला विष्ट	गा.पा. उपाध्यक्ष	
३	शिव प्रसाद खनाल	वडा अध्यक्ष १	
४	आनन्द घलान	वडा अध्यक्ष २	
५	विष्णु वहादुर थिङ्ग	का.वडा अध्यक्ष ३	
६	ध्रुव खड्का	वडा अध्यक्ष ४	
७	शुभराज थिङ्ग	वडा अध्यक्ष ५	
८	गोपीलाल मुक्तान	वडा अध्यक्ष ६	
९	ठाकुरराम थिङ्ग	वडा अध्यक्ष ७	
१०	दिलवहादुर स्याङतान	वडा अध्यक्ष ८	
११	साधुराम अधिकारी	वडा अध्यक्ष ९	
१२	कृष्ण विडारी	कार्यपालिका सदस्य	
१३	राधादेवी खकुराल पाठक	कार्यपालिका सदस्य	
१४	पम्फा रोक्का	कार्यपालिका सदस्य	
१५	राममाया प्रजा	कार्यपालिका सदस्य	
१६	गीता प्रजा	कार्यपालिका सदस्य	
१७	मोहनकुमार श्रेष्ठ	प्रमुख प्रशासकीय अधिकृत	

अन्य उपस्थिति

शैलेश बाँसकोटा — अधिकतस्तर छैठौं

मिति २०७८।१२।१५ को गाउँ कार्यपालिका बैठक

बैठकमा छलफलको लागि पेश भएका एजेण्डाहरु

१. ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा ५ बमोजिम ब्याक हो लोडरको भाडा तोक्ने सम्बन्धमा ।

२. ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा १०बमोजिम ब्याक हो लोडरको सञ्चालनको लागि संयोजक तोक्ने सम्बन्धमा ।

३. गाउँपालिकाले खरिद गरेको एम्बुलेन्सलाई ख वर्गमा रुपान्तरण गर्ने सम्बन्धमा ।

४. बिपन्न परिवारको नि शुल्क स्वास्थ्य बीमा गर्ने कार्यक्रम सम्बन्धमा ।

५. गाउँपालिकाका लागत सहभागिताका योजनाहरु छनौट सम्बन्धमा ।

६. वडा स्तरीय योजना परिवर्तन सम्बन्धमा ।

७. २०७८।०७९ का कार्यक्रम संशोधन सम्बन्धमा ।

८. शिक्षक दरबन्दी वितरण गर्ने सम्वन्धमा ।

९. प्रसुती विदा व्यवस्थापन अनुदान वितरण गर्ने सम्वन्धमा ।

१०.आइसिटि ल्याव तथा सामग्री वितरणको लागि प्राप्त रकमको शिर्षक परिवर्तन गर्ने सम्वन्धमा ।

११.कार्यक्रम वितरण गर्ने सम्वन्धमा ।

१२. विद्यालय घेराबारको रकम सम्बन्धमा ।

१३. गत आर्थिक बर्षमा सञ्चालित योजनाका रकम भुक्तानी सम्बन्धमा ।

१४. प्रधानअध्यापकहरुको शैक्षिक अवलोकन भ्रमणको लागि रकम थप गर्ने सम्वन्धमा ।

१५ मनहरी खोलाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।

१६. डि.पि.आर. को रकम भुक्तानी सम्बन्धमा ।

१७. रोडा, ढुङ्गा, गिटी, स्लेट, माटो आदिमा अमानतबाट राजस्व संकलन कार्ययोजना, २०७८ संशोधन सम्बन्धमा ।

१८. "घ" वर्गको निर्माण व्यवसायी अनुमतिपत्र दिने सम्वन्धमा ।

१९. विविध ।

१. प्रस्ताव नं १ माथि छलफल गर्दा ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा ५ क बमोजिम ब्याक हो लोडरको सञ्चालनको लागि भाडा प्रति घण्टा देहाय बमोजिम तोक्ने निर्णय गरियो । इन्धनको मूल्य घटबढ हुँदा सोही अनुसार भाडा पुन समायोजन गर्न कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

क्र सं	प्रयोजन	गापाले इन्धन खर्च व्यहोरेर	गापाले इन्धन खर्च नव्यहोर्ने गरि	कैफियत
१	व्यक्तिगत वा व्यावसायिक प्रयोजन	२१००।	११५०।	
२	गाउँपालिकाभित्रका योजना	१९००।	१०५०।	
३	विपद व्यवस्थापन वा अन्य गापा गौरवका योजना			इन्धनको सुनिश्चितता गर्ने

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा १० क बमोजिम ब्याक हो लोडरको व्यवस्थापन तथा सञ्चालन समितिको संयोजकमा वडा नं. ५ का वडध्यक्ष श्री शुभराज थिङलाई तोक्ने निर्णय गरियो

एकराज उप्रेती
अध्यक्ष

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस मनहरी गाउँपालिकाले गत आ. ब. मा दुई थान ग बर्गको एम्बुलेन्स अग्री इन्कर्पोरेट प्रा. लि. पानीपोखरी काठमाडौसंग सम्झौता भई एम्बुलेन्स खरिद प्रकृया सुरु भएकोमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय एम्बुलेन्स सेवा संचालन निर्देशिका २०७८ जारी गरेकोले सो निर्देशिका बमोजिम ग वर्गको एम्बुलेन्सलाई भन्सार छुट सुबिधा बन्द गरेको तथा नयाँ एम्बुलेन्स संचालन अनुमति समेत बन्द गरेको र संचालन अनुमतिको लागि एम्बुलेन्सलाई ख वर्गको बनाई सकेपछि मात्र एम्बुलेन्स सेवा संचालन अनुमति पाईने व्यवस्था रहेको हुँदा यस पालिकाले खरिद गरेका दुई थान एम्बुलेन्सलाई ख वर्गमा बनाउन आवश्यक पर्ने सामग्री तथा उपकरण व्यवस्थापनको लागि बजेट यस पालिकाको शव बाहन खरिद शिर्षकबाट व्यवस्थापन गर्ने तथा मनहरी अस्पतालको नाममा रहेको पुरानो बा १ झ ८४८४ नं को एम्बुलेन्सलाई मर्मत तथा मोडिफाई गरि शव वाहनको लागि प्रयोग गर्ने र सो कार्यमा खर्च हुने रकम गाउँपालिका पुँजिगत शिर्षकको सववहान खरिद शिर्षकवाट गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस मनहरी गाउँपालिकाले यस आ ब १००० बिपन्न परिवारको नि शुल्क स्वास्थ्य बीमा गर्ने कार्यक्रम रहेको तथा यस पालिकाको मिति २०७८।०८।१४ को कार्यपालिका बैठकको निर्णय अनुसार हरेक वडामा १०० बिपन्न परिवारको निशुल्क स्वास्थ्य बीमा गर्नको लागि आवश्यक सिफारीस माग भए बमोजिम तपसिल बमोजिम सिफारिस भएकोले वडा सिफारिस समितिले सिफारिस गरेका बिपन्न परिवारहरुको सूचिलाई अनुमोदन गरि निशुल्क स्वास्थ्य बीमा गर्न वडालाई अनुरोध गर्ने।

तपसिल

क्र स	वडा नं	सिफारीस भएको बिपन्न परिवारको संख्या	कैफियत
१	वडा नं १	१००	वडा स्तरिय सिफारीस समितिले सिफारिस गरेको
२	वडा नं २	१००	वडा स्तरिय सिफारीस समितिले सिफारिस गरेको
३	वडा नं ३	११२	वडा स्तरिय सिफारीस समितिले सिफारिस गरेको
४	वडा नं ४	११९	वडा स्तरिय सिफारीस समितिले सिफारिस गरेको
५	वडा नं ५	१००	वडा स्तरिय सिफारीस समितिले सिफारिस गरेको
६	वडा नं ६	१००	वडा स्तरिय सिफारीस समितिले सिफारिस गरेको
७	वडा नं ७	१००	वडा स्तरिय सिफारीस समितिले सिफारिस गरेको
८	वडा नं ८	१०१	वडा स्तरिय सिफारीस समितिले सिफारिस गरेको
९	वडा नं ९	१००	वडा स्तरिय सिफारीस समितिले सिफारिस गरेको
	जम्मा	९३२	

५.प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस प्रस्तावमा छलफल गर्दा गाउँ कार्यपालिका कार्यालयबाट प्रकाशित सूचना बमोजिमको अवधिमा पेश हुन आएका प्रस्तावहरु मध्येबाट गाउँ सभावाट विनियोजित गाउँपालिकाका लागत सहभागिताका योजनाहरुमा लगानी शिर्षकबाट सम्बन्धित उपभोक्ताले ४० प्रतिशत र गाउँपालिकाले ६० प्रतिशत ब्यहोर्ने गरी देहाय बमोजिम योजना छनौट गर्ने निर्णय गरियो।

क्र.स	आयोजनाको नाम	वडा नं.	बजेट रकम	गा.पा.बाट	लागत सहभागिताबाट
1	किरातेश्वर महादेव कृषि सहकारी संस्था	१	1416666.67	850000.00	566666.67
२	भुन्द्रुङ रविटोल खानेपानी	३	166666.67	100000.00	66666.67
3	भुन्द्रुङ प्रगतीशिल खानेपानि	3	166666.67	100000.00	66666.67
४	कलकत्ते टोल खानेपानी	३	166666.67	100000.00	66666.67
5	भुन्द्रुङ थापा टोल खानेपानी	3	166666.67	100000.00	66666.67
६	कालिदमार सिचाई योजना	3	166666.67	100000.00	66666.67

7	भुन्द्रुङमा रहेको सामुदायिक भवन	३	333333.33	200000.00	133333.33
८	हाँडीखोला मूल बाटोबाट कौगेडी पुछार टोल जाने बाटो		825000.00	495000.00	330000.00
9	भुन्द्रुङ भि.आइ.पी.टोल खानेपानी	३	166666.67	100000.00	66666.67
१०	माछापोखरी संरक्षण	४	250000.00	150000.00	100000.00
11	तारुवास सुवेदी टोल खानेपानी	४	166666.67	100000.00	66666.67
१२	नसिङटाँडी प्रजाघर तथा खेतीयोग्य जग्गा	४	333333.33	200000.00	133333.33
13	गौतमटोल खेतीयोग्य जग्गा सरक्षण	4	666666.67	400000.00	266666.67
१४	नयाँ बस्ती डिपाड कल्भर्ट निर्माण	६	833333.33	500000.00	333333.33
15	राष्टिय रोटरी मा वि भुइमा टायल विछ्याउने तथा सुधार कार्य	7	750000.00	450000.00	300000.00
१६	मनहरी बचत तथा ऋण सहकारी सस्था लि ट्रष्ट निर्माण	7	500000.00	300000.00	200000.00
17	दिव्य ज्योति महिला सहकारी संस्था कोठा निर्माण	८	1000000.00	600000.00	400000.00
१८	वैदार टोल डिप बोरिङ्ग	८	333333.33	200000.00	133333.33
19	रजैया बाईपास रोड तथा बस्तीबचाउ योजना	९	333333.33	200000.00	133333.33
२०	रजैया तल्लो भेग सिमल गैरी गाँउ रासी नदिको किनारमा ग्राभेल गर्ने योजाना	9	333333.33	200000.00	133333.33
21	सुवेदीटोल खानेपानी संरचना निर्माण योजना	9	750000.00	450000.00	300000.00
	जम्मा रकम		9,825,000	5,895,000	3,930,000

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा नऔ गाउँसभाबाट भएको निर्णयानुसार यस गाउँपालिका क्षेत्रभित्र संचालनको क्रममा रहेका स्वीकृत योजनाहरुको नाम नमिलेमा सो नाम संशोधन गर्न सकिने ब्यवस्था भएकाले देहायका योजनाहरुको नाम सम्वन्धित वडा कार्यालयहरुको सिफारिस अनुसार संशोधन गरी संशोधित नाम अनुसार योजना संचालन गर्ने निर्णय गरियो।

वडा नं.	योजनाको नाम र ठेगाना	रकम	संशोधित योजनाको र नाम ठेगाना	रकम
१	आश्रमटोल बाटो स्तरीकरण	३०००००।	आश्रमटोल खानेपानी	३०००००।
१	मोडर्न पार्क खेलकुद मैदान	३०००००।	मोडर्न पार्क विद्युतीकरण	
८	मैनाली उप्रेति टोल जाने बाटो	५०००००।	महेन्द्र किरण मा.वि. रङ्ग रोगन	५००००

८	राजु टोल खानेपानी	२०००००	दाङसिङ्ग कलभर्ट सुवेदीटोल बाटो स्लाभ ढलान	२०००००
८	डस्टविन खरिद	४५००००	देउकोट सडक ट्रयाक खोल्ने	१०००००
			थाहा मार्ग स्लाभ ढलान	२०००००
			पूर्ण खोल्सी झोरा नियन्त्रण उत्तर दक्षिण	१५००००
८	सि.नं. २५५ ओम शान्ति बाटो	५०००००	चिन्तामणि मार्ग स्लाभ ढलान	३०००००
			चर्च जाने बाटो ग्राभेल	१०००००
			ओझाको घरमुनीबाट जाने बाटो ग्राभेल	१०००००

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा नवौ गाउँसभाबाट भएको निर्णयानुसार यस गाउँपालिकाका तपसीलका स्वीकृत कार्यक्रम तथा योजनाहरु मध्ये सञ्चालन हुन नसक्ने र तपसील बमोजिमका योजना कार्यक्रम तत्काल गर्नुपर्ने र गाउँसभा तथा गाउँपालिकाबाट घोषित नीति समेतलाई सम्बोधन गर्नुपर्ने हुँदा तपसील बमोजिम कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

चालू तर्फ

क्र.सं.	साविक योजना विवरण	रकम रु.	क्र.सं.	संशोधित योजना विवरण	रकम रु.
१	१ वडा १ एरिया वाली प्रवर्धन कार्यक्रम	१३०००००।	१	ECD कक्षा संचालन कर्मचारी थप तलब	१७०००००।
२	लोक सेवा आयोग तयारी कक्षा संचालन	५०००००।	२	ISC/Ag कक्षा संचालन अनुदान	५०००००।
३	कार्यक्रम खर्च	५०००००।	३	आर्थिक सहायता	८०००००।
४	लैगिक समानता नीति निर्माण तथा अ.ता.	३०००००।			
५	वन तथा वातावरण कार्यक्रम संचालन	६७०००००।	४	वातावरण शिक्षा वन कार्यालयसंगको साझेदारीमा	१००००००।
			५	महिला उद्यमी झोला वुन्ने तालिम संचालन उ.वा.संघ मनहरी	१००००००।
			६	खेलकुद सामग्री वितरण रकम भुक्तानी वडा नं. ७ वडा कार्यालय मार्फत	७००००।
जम्मा		३२७००००।	जम्मा		३२७००००।

पूँजिगत तर्फ

क्र.सं.	साविक योजना विवरण	रकम रु.	क्र.सं.	संशोधित योजना विवरण	रकम रु.
१	सार्वजनिक शौचालय कार्यक्रम	४०००००।	१	जनमुखी आवास/जस्ता खरिद सबै वडा	२०००००।
२	धर्म साँकृतिक मठ मन्दिर	९००००।	२	मनहरी क्याम्पस भवन निर्माण मौज्दात कोष मनहरी ८	१५०००००।
३	मनहरी सरुवा रोग अस्पताल	१४११०००।	३	सभाहल कम्पाउण्ड रंगरोगन मनहरी ३ लामिटार	३००००।
			४	ट्यूवेल धारा खरिद तथा वितरण सबै वडा	५००००।

			५	महेन्द्रकिरण मा.वि. खानेपानी	७०००००।
			६	पशुपति मा.वि. खानेपानी	८००००
			७	१का सडक सरसफाइमा नपुग रकम थप	१५००००।
			८	रातमाटे विद्युत विस्तार	२००००००।
			९	१ नं. वडा खानेपानी ट्याङ्की चकरी झुल्यान मर्मत	१५००००।
			१०	भुन्द्रुङ काठेपुल निर्माण वडा नं. ३	२५००००।
			११	ढेडुवा खोला बाटो स्तरीकरणको लागि नपुग रकम थप	२००००००।
			१२	एघारौं घर सार्वजनिक शौचालय निर्माण मनहरी ९ ज्यामिरे	२५००००।
			१३	पोलाघारी सडक मर्मत वडा नं. ६	१००००००।
			१४	शान्तिटोल खा.पा. वडा नं. ८ पानी तान्ने मोटर खरिद	५००००।
				बाटो सरसफाई २ लाखमा नपुग रकम मनहरी ४	१६०००।
	जम्मा	६३११०००।		जम्मा	६३११०००।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको च.नं १०९० मिति २०७८र११र१२को पत्रअनुसार मनहरी गाउँपालिकाको लागि सिफारिस भई आएका प्राथमिक तह तृतीय श्रेणीका २ वटा दरबन्दी विद्यालयमा विद्यार्थी चाप, भौगोलिक अवस्था, विद्यालयमा विद्यमान न्युनतम दरवन्दी संख्यालाई विष्लेषण गरी तपसिल बमोजिमका विद्यालयहरुमा वितरण गर्ने निर्णय गरियो।

तपसिलः

१.श्री सिता माध्यमिक विद्यालय मनहरी २, भुन्द्रुङटाँडी

२.श्री सगरमाथा आधारभूत विद्यालय मनहरी ६, रुपाचुरी

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रसुती विदा व्यवस्थापन अनुदान वितरण गर्नको लागि प्रसुती विदामा वसेका शिक्षकको विवरण (शिक्षकको नाम र जन्म दर्ता) तथा निज शिक्षकको सट्टामा नियुक्त शिक्षकको नियुक्ति सम्वन्धी वि.व्य.स. को निर्णय, शैक्षिक योग्यता र नागरिकता लगायतका कागजात माग गरि प्रति शिक्षक रु ४५००० का दरले अनुदान वितरण गर्ने र उक्त शिर्षकमा विनियोजित रकम कम भएकाले चालू खर्च शिर्षक अन्तर्गत क्र.सं. ११७ को अंग्रेजी कक्षा सञ्चालन शिर्षकवाट रकमान्तर समेत गरी रकम निकाशा दिने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा आर्थिक वर्ष २०७८र०७९ को लागि नेपाल सरकार मार्फत् शैक्षिक गुणस्तर सुदृढीकरण शिर्षकमा प्राप्त अनुदान रकम वितरण गर्न विद्यालयहरुबाट रु ६५००००।(रकम बराबरको आईसिटी ल्याव शिर्षकमा १ वटा र रु ६५००००।– रकम बराबरको विज्ञान प्रयोगशाला शिर्षकमा १ वटा कोटाको लागि प्रस्ताव आह्वान गरिएकोमा आईसिटी ल्याव शिर्षकमा कुनै पनि प्रस्ताव नपरेको तथा विज्ञान प्रयोगशाला शिर्षकमा २ वटा

प्रस्ताव प्राप्त भएकाले तथा २ वटै विद्यालयको प्रस्ताव विद्यार्थी संख्या, भौतिक पूर्वाधार र माध्यामिक तहमा योग्यता प्राप्त शिक्षक भएका विद्यालयवाट विज्ञान प्रयोगशाला स्थापनार्थ माग भइ आएकोले आईसिटि ल्याव स्थापना शिर्षकमा प्राप्त रकमको शिर्षक परिवर्तन गरी विज्ञान प्रयोगशालामा परिवर्तन गरी वितरण गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा आर्थिक वर्ष २०७८।०७९ को लागि नेपाल सरकार मार्फत् निम्न बमोजिमका शीर्षकमा प्राप्त अनुदान रकमको लागि विद्यालयहरुवाट प्रस्ताव सहित निवेदन प्राप्त भइसकेकोले विद्यालयको आवश्यकता, हालसम्म प्राप्त गरेका अनुदान रकमको उपयोग र प्रयोगको आधारहरु विष्लेषण गरी तपसिल बमोजिमका विद्यालयहरुलाई वितरण गर्ने निर्णय गरियो ।

क्र.सं	सशर्त अनुदान कार्यक्रम शिर्षक	विद्यालयको नाम र ठेगाना	अनुदान रकम रु
१	विज्ञान प्रयोगशालाअनुदान	भोजसिद्ध मा.वि. मनहरी ५	६५००००
		महेन्द्र ज्योति मा.वि. मनहरी ३	६५००००
२	पूस्तकालय व्यवस्थापन अनुदान	ब्रम्हकाली आ.वि. मनहरी ७	६५००००
३	उत्कृष्ठ सिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई सुदृढीकरण अनुदान	महेन्द्र किरण माध्यमिक विद्यालय मनहरी ८, ज्यामीरे	२०००००
४	कार्यसम्पादनमा आधारित अनुदान	सिता मा.वि. मनहरी २	५००००
		युवाबर्ष आ.वि. मनहरी ९	५००००
		जनजातीउत्थानप्रा.विमनहरी ६	५००००
		ऋषेश्वर प्रा.वि. मनहरी ९	५००००
		भोजसिद्ध मा.वि. मनहरी ५, बसन्तपुर	५००००
५	शिक्षण सिकाइ समयावधी सुधार अनुदान	सिता मा. वि. मनहरी २	२००००
		युवाबर्ष आ.वि. मनहरी ९	२००००
		जनजातीउत्थानप्रा.विमनहरी ६	२००००
		ऋषेश्वर प्रा.वि. मनहरी ९	२००००
		भोजसिद्ध मा. वि. मनहरी ५, बसन्तपुर	२००००

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा आ.व २०७८।०७९ को चालू तर्फ सि. न. १८० मा विनियोजित रकमबाट तपसिलका विद्यालयहरुलाई तपसिसल वमोजिमको रकम विद्यालयको विभिन्न भौतिक सुधारको लागि वितरण गर्ने निर्णय गरियो ।

तपसिल

क्र.सं	विद्यालयको नाम र ठेगाना	सुधार शिर्षक	लागत अनुमान	कैफियत
१	सगरमाथा आ. वि. मनहरी ६	रेलिङ र पर्खाल निर्माण	११९७१०।	
२	त्रिरत्न प्रा. वि. मनहरी २	च्यालन गेट निर्माण		१००००० अनुमानित
३	नवजागृति प्रा.वि. मनहरी ३	भुइ मर्मत, गेट र पर्खाल निर्माण		१००००० अनुमानित

४	ऋषेश्वर बाल जागृति प्रा.वि र बिना कालिका प्रा.वि मनहरी ९	विद्यालयको कम्पाउण्ड निर्माण र चौर सम्याउने	४१४५७२.	
५	चेपाङ प्रा.वि मनहरी ४	जस्ता पाता उपलब्ध गराउने	२३०२५०.	
६	शहिद स्मृति बाल कल्याण प्रा.वि. मनहरी ९	मर्मत सम्भार र छाना छाउने		१३०००० अनुमानित
७	भोजसिद्ध मा.वि. मनहरी ५, बसन्तपुर	कम्पाउण्ड सुदृढीकरण		१३०००० अनुमानित
८	बाल जीवन ज्योति मा.वि. मनहरी १, मकरी	गेट निर्माण		१३०००० अनुमानित
९	राष्ट्रिय आ.वि. मनहरी ७, बिजौना	कम्पाउण्ड वाल निर्माण		१३००००

१३. प्रस्ताव नं १३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं १ मा उपभोक्ता समिति मार्फत् आर्थिक बर्ष २०७७।०७८ मा सञ्चालित आँपदमार महादेव मन्दिर निर्माण योजना कोभिड लगायत विवध कारणवश सम्पन्न हुन नसकेको र हाल भुक्तानीको लागि चालू आर्थिक बर्षमा रकम विनियोजन छुट भएकाले चालू बर्षको पुँजिगत शिर्षकको धर्म संकृति र मठ मंदिर शिर्षकबाट वडा कार्यालयको सिफारिस तथा आवश्यक कागजात पेश हुन आएकोले सम्झौता बमोजिमको रु ३५०००० भुक्तानी दिने निर्णय गरियो ।

१४. प्रस्ताव नं १४ माथि छलफल गर्दा शैक्षिक अवलोकन भ्रमण शिर्षकमा विनियोजित रकम रु २००००० रहेकोमा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुवाट प्रस्तावना तयार गरी थप रकम विनियोजन गर्न अनुरोध भई आएकोमा आ.व. २०७८।७९ को चालू शिर्षक तर्फको सि.नं ६१ मा विद्यार्थी अतिरिक्त क्रियाकलाप शिर्षकमा विनियोजित रकम रु ११०००० समेत लाई सोही प्रयोजनको लागि खर्च गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नं १५ माथि छलफल गर्दा मनहरी खोलाको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धमा मनहरी गाउँपालिका वडा नं. ७ र ८ को सिमा भई वग्ने मनहरी खोला वारपार गर्ने महेन्द्र राजमार्ग पुलको उत्तर तर्फको ५०० मिटर भन्दा वाहिरको वगर क्षेत्रमा गाउँपालिकाको कार्यालय प्रस्तावक भई नदीजन्य पदार्थ हटाउने सम्वन्धी प्रारंभिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदन प्राविधिक समितिको सिफारिस सहित मनहरी गाउँपालिका संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारंभिक वातावरणिय परिक्षण कार्यविधि२०७७ को दफा ७ को उपदफा ४ बमोजिम स्वीकृत प्रतिवेदन पेश भई जानकारी र छलफल गरीयो । सो प्रतिवेदन सन्तोषजनक देखिएकाले कार्यालयले परामर्शदाता श्री सनोजित ईन्जिनियरिङ कन्सल्टेन्सी संग गरेको संझौता अनुसारको रकम भुक्तानी प्रकृयाका लागि निर्देशन दिने निर्णय गरियो ।

१६. प्रस्ताव नं १६ माथि छलफल गर्दा डि.पि.आर. को रकम भुक्तानी सम्बन्धमा शिवहरी डाँडा देखि मनहरी पुल सम्म सडक निर्माणकार्यको विस्तृत अध्ययन प्रतिवेदन(DPR) कार्य भई सरोकारवालाहरु संग प्रस्तुतिकरण समेत भैसकेकाले श्री मुनलाईट कन्सल्टेन्सी वोरेन्द्रनगर सुर्खेतलाई वडा नं. ८ र ९ को सिमा सडक निर्माण शिर्षकमा विनियोजित रकम मध्ये ठेक्का लगाई वाँकि रहेको रकमवाट नियमानुसार रु. ५३३९६०.०० भुक्तानी दिने निर्णय गरियो ।

१७. प्रस्ताव नं १७ माथि छलफल गर्दा नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रणको लागि विक्री शुल्क तथा वातावरण प्रदुषण नियन्त्रण शुल्क संकलन कार्यमा खटिने कर्मचारीको मनोबल बढाइ गाउँपालिकाबाट स्थायी कर्मचारी समेत खटाउनु पर्ने भएको हुँदा रोडा, ढुङ्गा, गिटी, स्लेट, माटो आदिमा अमानतबाट राजस्व संकलन कार्ययोजना, २०७८ को दफा ५ मा रहेको व्यस्था खारेज गरी मिति २०७८ चैत्र २० गतेदेखि लागू हुने गरी चौबिस घण्टालाई तीन शिफ्टमा

कायम गरी तोकिएको कर संकलन केन्द्रमा गरेको हाजिरी प्रमाणितका आधारमा कर्मचारीलाई खटाउने तथा प्रति शिफ्ट खाना खाजा इन्धन भत्ता रु. १५००। कायम गर्ने गरी संशोधन गर्ने निर्णय गरियो।

१८. प्रस्ताव नं १८ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि २०७५ अनुसार गठित प्राविधिक समितिले मिति २०७८/१२/१२ गते गरेको सिफारिस अनुसार जेनियल इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. मनहरी ३ लाई कार्यविधिको दफा २ को उपदफा ३ अनुसार पेश गरेका कागजातहरुका आधारमा सोहि दफाको उपदफा ४ बमोजिम प्रमाण पत्र दिन उपयुक्त देखिएकाले ब्यवसायिक प्रमाणपत्र दिने निर्णय गरियो।

१९. प्रस्ताव नं. १९ विवध माथि छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो

क. यस मनहरी गाउँपालिका वडा न १ निवासी ध्रुव अधिकारीको छोरा सफल अधिकारीको अध्ययनका लागि जाँदा विद्यालयमा अकस्मात दुर्घटना भई हात भाँचिएको र निजको कमजोर आर्थिक अवस्थाको कारण उपचार गर्न कठिनाइ भएको हुँदा निजको उपचारको लागि विद्यालय तथा वडा कार्यालयको सिफारिस र उपचारको वील भरपाई प्राप्त गरी आर्थिक सहायता शिर्षकबाट उपचार सहयोग रकम रु. ५०००० भुक्तानी गर्ने निर्णय गरियो।

ख. यस मनहरी गाउँपालिका वडा न ३ कामीडाँडा निवासी एकल महिला शुभद्रामाया चेपाङको २०७८ चैत्र १० गतेको हावाहुरीका घरमा क्षति पुग्न गएको र कमजोर आर्थिक अवस्थाको कारण घर निर्माणमा गर्न कठिनाइ भएको हुँदा निजको घर निर्माणको लागि प्राविधिक लागत अनुमान तयार गरी बढिमा रु. ५०००० सम्मको घर निर्माण गर्न विपद व्यवस्थापन शिर्षकबाट घर निर्माण सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ग. अपाङ संघ मनहरीलाई भेला तथा ह्वीईल चियर वितरण तथा सम्मान कार्यक्रममा लागेको खर्च विल बमोजिम विविध शिर्षकवाट रु. ३५०००। नियमानुसार भुक्तानी दिने निर्णय गरियो।

उपरोक्त निर्णयहरु सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न गरियो।

एकराज उप्रेती
अध्यक्ष